## मिति २०८१/०५/१२ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. १

सैनामैना नगरपालिकाको राजश्व सुधार कार्ययोजनाको विषयमा छलफल भयो र उक्त योजना अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

सैनामैना नगरपालिकाको ५ वर्षे नगर शिक्षा योजना (२०८१/८२ देखि २०८५/८६) निर्माणको लागि नगर शिक्षा समितिबाट सफारिस भइ आए बमोजिमको समितिमा १जना सदस्य थप गरी तपसिल बमोजिमको मूल समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. नगर प्रमुख श्री फणेन्द्र प्रसाद शर्मा | संयोजक |
| २. नगर उपप्रमुख श्री विना राना | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत श्री जीवन ज्ञवाली | सदस्य |
| ४. शिक्षा समिति सदस्य एवं वडाध्यक्ष श्री गोपाल पोखेल | सदस्य |
| ५. शिक्षा समिति सदस्य एवं वडाध्यक्ष श्री बुद्धिराम चौधरी | सदस्य |
| ६. सामाजिक विकास समितिका संयोजक श्री सुरज बराल | सदस्य |
| ७. प्र.अ. शिक्षा समिति सदस्य श्री नेत्रलाल पुरी | सदस्य |
| ८. प्र.अ. शिक्षा समिति सदस्य श्री कर्ण्ण प्रसाद शर्मा | सदस्य |
| ९. शिक्षक श्री हेमावती थापा | सदस्य |
| १०. शिक्षा शाखा प्रमुख श्री राधा बेलबासे | सदस्य सचिव |

### निर्णय नं. ३

सैनामैना नगर शिक्षा समितिबाट सिफारिस भइ आए बमोजिम श्री होलिल्याण्ड मन्टेश्वरी सैनामैना १० लाई पूर्व प्राथमिक कक्षा सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

### निर्णय नं. ४

श्री रामापुर मा.वि. सैनामैना ६ रुपन्देहीले भारतीय दुतावासबाट अनुदानमा स्कूल बस ल्याउन सिफारिस माग गरेकोले उक्त बस ल्याउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय दुतावासमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

मिति २०८१/०५/१२ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ५

संघीय सरकारबाट प्राप्त आ.व. २०८१/०८२ को सशर्त अनुदानबाट माध्यमित तह तथा आधारभूत तह शिक्षण सहयोग न्यून दरबन्दीभएका तपसिल बमोजिमका विद्यालयहरुलाई उपलब्ध गराउने नगर शिक्षा समितिको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विद्यालयको नाम | तह | अनुदान संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जनचेतना मा.वि. | मा.वि. | १ | |
| २ | श्री राष्ट्रिय मा.वि. | मा.वि. | १ | |
| ३ | श्री श्री कोटियादेवी मा.वि. | मा.वि. | १ | |
| ४ | श्री सरस्वती मा.वि. | मा.वि. | १ | |
| ५ | श्री मलमलादेवी मा.वि. | मा.वि. | १ | |
| ६ | श्री सालझण्डी मा.वि. | मा.वि. | १ | |
| ७ | श्री पश्चिम पर्रोहा मा.वि. | मा.वि. र आ.वि. | १+१ | |
| ८ | श्री जनज्योती आ.वि. | आ.वि. | १ | |
| | जम्मा | | ९ | |

निर्णय नं. ६

सैनामैना नगरपालिका वडा नं. ४ को सिफारिस बमोजिम सैनामैना ४ मा रहेको लुम्बिनी प्रवेशद्वार नगरपालिकाबाट मर्मत गर्ने गरी मर्मत सम्भार कोषबाट आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

लुम्बिनी तिनाउ सामूदायिक पुस्तकालयका माग अनुसार विविध कार्यक्रम शिर्षकबाट पुस्तकालय दिवस मनाउनको लागि उक्त संस्थालाई रु ३००००। विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

सैनामैना नगरपालिकामा विगत देखि सञ्चालित रोटरी क्लव अफ सैनामैनाको एम्बुलेन्स सञ्चालन सम्बन्धमा रोटरी क्लव अफ सैनामैना र नगर प्रमुख ज्यू बीच भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद राना
नगर प्रमुख

CamScanner

मिति २०८१/०५/१२ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ९

सैनामैना नगरपालिका वडा नं. ४ बस्ने हिमलाल भट्टराइ सूचक भइ झुटा विवरण पेश गरी दर्ता मिति २०७०/०१/०४ मा दर्ता गराएको दर्ता नं. १३ को जन्म दर्ता बदरको लागि प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्ने गरी नगर प्रमुख ज्यू बाट स्वीकृत गरेको साकुरा भट्टराईको जन्म दर्ता बदर सम्बन्धी निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

सैनामैना नगरपालिकामा सञ्चालित तपसिलका योजना तथा कार्यक्रमको नगरपालिकाबाट बजेट सुनिश्चित समेत भइसकेकोले तपसिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

| क.सं. | योजना/ कार्यक्रमको नाम | दायित्व सारेको रकम रु | म्याद थप हुने मिति | कैफियत |
|---|---|---|---|---|
| १ | औंधोगिक ग्राम निर्माण सैनामैना ७ | १०३२३८१ | २०८१/०८/३० | |
| २ | मुर्गिया फूटवल स्टेडियम सैनामैना ४ | ७९४११०० | २०८१/०७/३० | |
| ३ | मुर्गिया कोल्ड स्टोर सैनामैना ३ | २१३४८३१ | २०८१/०८/३० | |
| ४ | फर्निचर खरिद | ११८८७६० | २०८१/०८/३० | |

निर्णय नं. ११

सैनामैना नगरपालिकाको दररेट निर्धारण समितिबाट सिफारिस भए बमोजिम आ.व. २०८१/०८२ को नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

सैनामैना नगरपालिका अन्तर्गतका विपद व्यवस्थापन सँग सम्बन्धित तपसिलकायोजना तथा निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना २०८१

२. मनसुन पूर्वतयारी कार्ययोजना २०८१

जीवन ग्याली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

मिति २०८१/०५/१२ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

३. नगर स्वयंसेवक ब्यूरो गठन तथा परिचालन सम्बन्धी निर्देशिका २०८१

४. तातो हावाको लहर "लु" (heat Wave) बाट बच्ने उपाय सम्बन्धी जोखिम न्यूनीकरण तथा प्रतिकार्य कार्य योजना २०८१

निर्णय नं. १३

नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत सेवा तथा परामर्श शिर्षकबाट बजेट व्यवस्थापन हुने गरी सैनामैना नगरपालिकाको भू उपयोग योजना निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १४

सैनामैना नगरपालिका अन्तर्गत रहेका अव्यवस्थित जग्गाको नापजाँच तथा सूचना प्रकाशन नभएका क्षेत्रका जग्गाको अभिलेख प्रमाणित गर्ने कार्य खुलाउने निर्णय गरियो ।

निर्णय नं. १५

साविक देखि ज्यालादारीमा कार्यरत तपसिलका कर्मचारीहरुलाई २०८१ श्रावण १ देखि २०८१ पौष मसान्त सम्म करार तथा ज्यालादारीमा काममा लगाउने निर्णय गरियो ।

१. श्री सीता घिमिरे नागरिक आरोग्य केन्द्र करार

२. श्री डिल बहादुर गुरुङ्ग फोहोरमैला व्यवस्थापन ज्यालादारी

३. श्री रामकुमारी चौधरी सालझण्डी व्यवसायिक भवन सरसफाई ज्यालादारी

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख